२०२० साल अगस्त र सेप्तेम्बेर महिनाको अंक (ネパール語版)


# KIAN हेल्लो खावासाकी

अंग्रेजी, चिनियाँ, कोरियन अथवा उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली,
तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज
संघको होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नु होस्।
खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं.: 044-435-7000 फ्याक्स नं.: 044-435-7010 https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

## विदेशीहरुको लागि रमाईलो र उपयोगी जापानिज भाषाको कक्षा

सानो समूहको कक्षा हुनेछ। जापानिज संस्कृति तथा आफु बस्ने क्षेत्र र त्यहाँ आईपर्ने प्राकृतिक प्रकोपको बारेमा बुझ्नको लागि आवश्यक कार्यक्रमहरु पनि हुन्छ।

### दोस्रो सेमेस्टर बिहानको कोर्स



**बार:** मंगलबार र शुक्रबार (बिहान ९:५० देखि ११:५० सम्म)
**अवधि:** सेप्टेम्बर १५ तारिख बाट डिसेम्बर ४ तारिख (जम्मा२२ पटक)
**शुल्क:** १२,१०० येन (पाठ्यक्रमको शुल्क छुट्टै लाग्नेछ।)
※नि:शुल्क बच्चा हेरिदिने सुविधा उपलब्ध छ। (१ वर्ष भन्दा माथिको)

### दोस्रो सेमेस्टर साँझको कोर्स



**बार:** बुधबार (साझँ ६:३० देखि ८:३० सम्म)
**अवधि:** सेप्टेम्बर २ तारिख बाट डिसेम्बर ९ तारिख (जम्मा १५ पटक)
**शुल्क:** ८,२५० येन (पाठ्यक्रमको शुल्क छुट्टै लाग्नेछ।)
※बच्चा हेरिदिने सुविधा छैन

**स्थान:** खावासाकी अन्तर्राष्ट्रिय केन्द्र
**सम्पर्क:** खावासाकी अन्तर्राष्ट्रिय संघ
**फोन नं.:** 044-435-7000 **ईमेल:** kiankawasaki@kian.or.jp

## भुकम्प तथा प्राकृतिक प्रकोप आईपर्दाको तयारी !



आँधीबेहरी अथवा ठूलो भुकम्प जस्ता प्राकृतिक प्रकोप आईपर्दाको कुरालाई ध्यानमा राखि तपाइँ सतर्क भई अग्रिम तयारी गर्नाले परिआउने क्षतिलाई कम गर्न सकिन्छ। खावासाकी शहरको प्रत्येक वडा कार्यालयमा "सोनाएरु खावासाकी " नामक प्राकृतिक प्रकोप सम्बन्धि सचेत गराउने पर्चा राखिएको हुन्छ। खावासाकी शहरको वेब साइटमा पनि यस सम्बन्धि विभिन्न भाषाको संस्करण हेर्न सक्नुहुन्छ।

आपत विपदको बेलालाई ध्यानमा राखि कुन-कुन ठाँउमा के-के कुराहरु छन् आदिको बारेमा अगाडिनै जानकारी हासिल गरि राखौ। साथै भुकम्प आउँदा होस् पुर्याउनु पर्ने कुराहरु र आपतकालिन सूचनाहरु आदि सजिलो जापानी भाषामा ई-मेल मार्फत तपाइँको कम्प्युटर अथवामोबाइलमा आउने "मेल खबर खावासाकी (मेल न्युसु खावासाकी) " नामको सेवा छ। यो सेवाको लागि अग्रिम दर्ता गर्न आवश्यक छ!

http://www.city.kawasaki.jp/170/page/0000023635.html

## हीटस्ट्रोक बाट बच्ने उपायहरु



**तिर्खा लागि सकेपछि केहि गर्नु भनेको सावधानी अपनाउनुमा ढिलाई भइसक्नु हो !**

मास्क लगाई राख्दा शरीर भित्र तातोपन गुम्सिन सजिलो हुने हुनाले तिर्खा लागेको चाल पाउन गाह्रो हुन्छ। नूनपानी, चिया, स्पोर्ट्स ड्रिंक आदि समय-समयमा पिएर शरीरको पानीको मात्रालाई कम हुन नदिउँ।

**हीटस्ट्रोकका लक्षणहरु**

- हात-खुट्टा अथवा मांसपेशिमा कम्पन हुनु र दुख्नु
- कमजोरी महसुस हुनु, रिंगटा लाग्नु, बान्ता होला जस्तो हुनु, टाउको दुख्नु
- मुटुको धड्कन बढ्नु, अनुहारको रंग फिक्का हुनु
- खुट्टाको मासु फर्किनु , ढलमल होला जस्तो हुनु, लडेर उठ्न गाह्रो हुनु इत्यादी

# जनगणना २०२०

【राष्ट्रिय जनगणनाको सहयोगको लागि अनुरोध】 अक्टोबर १ तारिखमा जापानमा बसोबास गर्ने विदेशी लगायत सबै व्यक्तिको संख्या, उमेर, काम आदि जाँच गर्न राष्ट्रिय जनगणना गर्ने भएको छ।




सेप्टेम्बर लागेपछि, तथ्याङ्क विभागको कर्मचारीले तपाइँको घर-घरमा इन्टरनेट बाट जवाफ दिन मिल्ने ID र प्रश्नावली वितरण गर्नेछ। इन्टरनेट बाट (७ वटा भाषा: जापानिज, अंग्रेजी, चिनियाँ, कोरियन, पोर्तुगाली, स्पेनिश, भियतनामी) जवाफ भर्न सक्ने व्यक्तिहरुले कृपया इन्टरनेटमा जवाफ दिनुहोस्। **इन्टरनेट बाट जवाफ भर्न नसक्ने अथवा तपाइँले जानेको भाषा यहाँ उल्लेखित ७ वटा भाषामा पर्दैन भने कृपया आफु बस्ने वडा कार्यालय अथवा शाखामा सूचित गर्नुहोस्।**

**जनगणनामा भरेका प्रश्नको उत्तरहरु अध्यागमन विभाग अथवा पुलिसले कुनै हालतमा पनि हेर्ने छैन्। कृपया सहयोग गरिदिनु होस्।**

**सम्पर्क:** खावासाकी सामान्य मामिला सम्बन्धित योजना विभाग तथा तथ्याङ्क संकलन केन्द्र  **फोन नं.:** 044-200-2070

# गर्मीको बिदा प्राथमिक विद्यालयको बच्चाहरुको बस भाडामा छुट !

**गर्मीको बिदामा शहरको बस कम्पनीहरुले बच्चाहरुको बस भाडामा छुट सुविधा उपलब्ध गर्दै आइरहेको छ।**

**खावासाकी नगरपालिकाको बस:** अगस्त १ तारिख देखि १६ तारिख सम्म ५० येन (रात्रि बस भाडा १०० येन)
**टोक्यू बस:** जुलाई १८ तारिख देखि अगस्त ३१ तारिख सम्म ५० येन
**रिन्को बस:** जुलाई २०तारिख देखि अगस्त ३१ तारिख सम्म
※१००० येनको पास बाट तोकिएको अवधि भरिको लागि
(अगस्तको १० तारिख सम्म १००० येनको पास बिक्री गरिने छ)



# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

**केहि प्रश्नहरु भएमा अथवा तपाइँ लाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोस्। (नि:शुल्क)**

★ अप्रिल १ तारिखबाट चिनियाँ भाषाको परामर्श सेवा सोमबार देखि शनिबार सम्म उपलब्ध छ।
★ अहिले यस केन्द्रको अनुवाद सेवा बन्द गरिएको छ।

- परामर्श सेवाको समय (१०:०० देखि १२:०० र १:०० देखि ४:००)
- परामर्श सेवाको प्रत्यक्ष सम्पर्क नं.: 044-455-8811

| भाषा | बार |
|---|---|
| **अंग्रेजी** | सोमबार देखि शनिबार |
| **पोर्तुगाली** | मंगलबार र शुक्रबार |
| **कोरियन / उत्तर कोरियन** | मंगलबार र बिहीबार |
| **भियतनामी** | मंगलबार र शुक्रबार |
| **इन्डोनेसियाली** | मंगलबार र बुधबार |

| भाषा | बार |
|---|---|
| **चिनियाँ** | सोमबार देखि शनिबार |
| **स्पेनिश** | मंगलबार र बुधबार |
| **तागालोग** | मंगलबार र बुधबार |
| **थाई** | सोमबार र मंगलबार |
| **नेपाली** | मंगलबार र शनिबार |

**खावासाकी अन्तर्राष्ट्रिय केन्द्र होमपेज**

## ＊प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा

**(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने, तर सशुल्क )**

**मिति र समय:** २०२०/८/१६ (आइतबार) र २०२०/९/२० (आइतबार)  दिउँसो२:०० देखि ४:०० सम्म
※कोरोना भाइरसको संक्रमणलाई फैलिने नदिनको लागि परामर्श सेवा उपलब्ध हुने दिन परिवर्तन हुन सक्ने भएकोले केन्द्रमा आउनु भन्दा अगाडि कृपया फोन बाट सम्पर्क गर्नु होस्।

**स्थान:** खावासाकी अन्तर्राष्ट्रिय केन्द्र  दोस्रो तल्ला  संघको बैठक कोठा